# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
# टंगाल, काठमाडौं

मितिः २०७५।०७।१४ गते

## प्रेस विज्ञप्ति

### विषयः आरोप-पत्र दायर गरिएको ।

-----------------------------------------------

काठमाडौं उपत्यका खानेपानी लिमिटेड (के.यु.के.एल), केन्द्रीय कार्यालय त्रिपुरेश्वर अन्तर्गत शाखा कार्यालय नयाँबानेश्वर मिनभवनमा प्रशासन सेवा, तह ४ सहायक पदमा कार्यरत मायादेवी भट्टराईले नक्कली शैक्षिक योग्यताको प्रमाण-पत्र पेश गरी सेवा प्रवेश गरी बहाल रहेकोले छानबिन गरी आवश्यक कारवाही गरिपाउँ भन्ने व्यहोराको उजुरीका सम्बन्धमा अनुसन्धान हुँदा निजले बिहार संस्कृत शिक्षा बोर्ड पटना, भारतबाट प्राप्त गरेको एस.एल.सी (S.L.C) तहको नक्कली शैक्षिक योग्यताको प्रमाण-पत्र पेश गरी सहायक(प्रशासन) तह ४ करार सेवामा प्रवेश गरी सोही पदमा स्थायी नियुक्ति समेत भइ लाभ तथा सुविधा समेत लिएको देखिन आएको हुँदा निजको उक्त कार्य साविक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १२ र प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६ को उपदफा (१) अनुसारको कसुर भएको देखिन आएको हुँदा निजलाई साविक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १२ र २९ (२) तथा प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६ को उपदफा (१) बमोजिम सजाय हुन मागदाबी लिइ आज विशेष अदालत काठमाडौंमा आरोप-पत्र दायर गरिएको छ ।

(रामेश्वर दंगाल)
सह-सचिव एवं प्रवक्ता